# फिलेमोनलाई पावलको पत्र

[१]ख्रीष्ट येशूको एक कैदी पावल र हाम्रा भाई तिमोथीबाट
हाम्रा प्रिय मित्र तथा सहकर्मी फिलेमोनलाई अभिवादन।
[२]साथै हाम्री बहिनी अप्फियालाई, सहकर्मी अर्खिप्पसलाई
र तिम्रो घरमा भेला हुने मण्डलीलाई, पनि!
[३]हाम्रा परमेश्वर पिता अनि प्रभु येशू ख्रीष्टबाट अनुग्रह अनि
शान्ति तिमीहरू साथ रहोस्।

### फिलेमोनको प्रेम र विश्वास

[४]आफ्नो प्रार्थनामा म तिमीलाई सम्झन्छु र तिम्रो निम्ति म
सधैँ मेरो परमेश्वरलाई धन्यवाद चढाउँछु। [५]परमेश्वरका पवित्र
मानिसहरू प्रति तिम्रो प्रेम र प्रभु येशूमा तिम्रो विश्वासको कुरा
म सुन्दछु। [६]म प्रार्थना गर्छु कि तिमीले हामीसित सहयोग
गरेको विश्वासले ख्रीष्टमा भएको हाम्रा हरेक असल कुरो
गहनपूर्वक बुझ्नमा तिमीलाई सहायता दिनेछ। [७]मेरा भाई!
तिमीले परमेश्वरका मानिसहरूलाई प्रेम गर्यौ अनि तिनीहरूलाई
प्रफुल्लित तुल्यायौ। यसले मलाई आनन्द अनि सुविस्था प्रदान
गरेको छ।

### ओनेसिमसलाई एक भाईको रूपमा स्वीकार गर

[८]तिमीले केही गर्नु छ। ख्रीष्ट प्रति भएको मेरो अधिकारको
कारणले म तिमीलाई यसो गर भन्न सक्छु। [९]तर मैले तिमीलाई
आदेश दिएको होइन, केवल प्रेमको शक्तिमा म तिमीलाई
निवेदन गर्दछु। म पावल हुँ अनि अहिले म बृद्ध मानिस हुँ अनि
ख्रीष्ट येशूको लागि बन्दी छु। [१०]म मेरो छोरो ओनेसिमसको
बारेमा निवेदन गरिरहेछु। म कारागारमा छँदा ऊ मेरो छोरो
बनियो। [११]बितेका दिनहरूमा ऊ तिम्रोलागि बेकम्म थियो।
तर बर्तमान समयमा तिमी र म दुवैको लागि ऊ उपयोगी मानिस
भएको छ।
[१२]म उसलाई फेरि तिमीकहाँ मेरो हृदयसितै पठाउँदैछु।
[१३]म कारागारमा रहेको बेला मलाई सहायता गर्नका
निम्ति म आफैं उसलाई यहाँ सु-समाचारको निम्ति राख्न
चाहन्थें। मलाई सहायता गरेर उसले तिम्रो सेवा गर्ने थियो।
[१४]तर तिम्रो अनुमति नलिई म केही गर्न चाहँदिन। त्यसो हुँदा
तिमीले मेरो निम्ति गर्ने असल कार्य तिमीले स्वयं गर्न चाहेको
हुनेछौ अनि मैले कर लाएको हुने छैन।
[१५]ओनेसिमस तिमीबाट केही समयको लागि छुट्टिएको
थियो। यसो भएको हुन सक्छ कि त्यसलाई तिमीले सदाका
निम्ति फिर्ता पाउनेछौ। [१६]अझ एक दासको रूपमा होइन, तर
दासभन्दा अधिक अनि एक प्रिय भाईको रूपमा ग्रहण गर। म
उसलाई खुबै माया गर्छु। तर तिमीले उसलाई अझ धेरै माया
गर्नेछौ। तिमीले उसलाई एउटा मानिसको रूपमा अनि प्रभुमा
भाईको रूपमा पनि माया गर्नेछौ।
[१७]यसर्थ यदि मलाई साथी भनेर स्वागत गर्छौ भने
ओनेसिमसलाई पनि स्वागत गर। मलाई स्वीकार गरे जस्तै
उसलाई स्वीकार गर। [१८]ओनेसिमसले तिमीसित केही भूल
गरेछ भने मलाई दोष्याऊ। यदि उसले केही तिर्नु परे मलाई तिर्न
लगाऊ। [१९]म पावल हुँ। यो म मेरो आफ्नै हातले लेख्दैछु। यदि
ओनेसिमसले केही बाँकी तिर्नु छ भने त्यो म तिर्छु। आफ्नो
जीवनको लागि तिमी मेरो कति ऋणी छौ त्यस बारे म केही
भन्न चाहँदिन। [२०]हो, मेरा भाई, प्रभुका निम्ति मेरो लागि केही
गरिदेऊ। ख्रीष्टमा मेरो हृदय शान्त गराऊ। [२१]तिमीले मेरो आशा
पूरा गर्नेछौ भन्ने पूर्ण विश्वासमा म यो पत्र लेख्दैछु। म जान्दछु
तिमीले मैले भनेको भन्दा अधिक गर्नेछौ।
[२२]दया गरी मलाई बस्नको लागि एउटा कोठा व्यवस्था गरी
देऊ। म आशा गर्छु कि परमेश्वरले तिम्रो प्रार्थना सुन्नेछन् अनि
म तिमीकहाँ आउन सक्नेछु।

### अन्तिम अभिवादन

[२३]मेरो साथी इपाफ्रास पनि ख्रीष्ट येशूको निम्ति मसित बन्दी
छ। उसले तिमीलाई अभिवादन पठाउँदैछ। [२४]अनि मर्कूस,
अरिस्तार्खस, डेमास र लूकाले पनि तिमीलाई अभिवादन गर्न
मसँग एक साथ छन्। यी सबै मैसित काम गर्दैछन्।
[२५]हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह तिम्रो आत्मासित रहोस्।
आमिन।

